नेपाल सरकार

# आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

प. स.: ०८२/८३
च.नं :

**२५६९औ बुद्ध जयन्ती, किरात चाड उभौली तथा विश्व अन्तराष्ट्रिय मजदुर दिवसको शुभकामना**

बौद्ध दर्शनका प्रवर्तक, राष्ट्रका गौरव एवम् विश्व शान्तिका अग्रदूत गौतम बुद्धको २५६९ औं बुद्धजयन्ति तथा नेपालका आदिवासी जनजाति किराति समुदायहरुको महान चाड उभौली (साकेला, यक्वा तङनाम, चासूवा, भूमे, स्याँदार पिदार) को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

वैशाख शुक्लपक्षको पूर्णिमा तिथिको दिन गौतम बुद्धको त्रि—संयोग अर्थात जन्म, ज्ञान प्राप्ति र महापरिनिर्वाण एकैदिन परेकाले आजको तिथिलाई विश्वभरका बौद्ध धर्मावलम्बीहरूद्वारा गौतम बुद्धप्रति अत्यन्त श्रद्धा एवम् भक्तिभाव व्यक्त गर्दै बुद्ध जयन्ती मनाउने गरिन्छ । यस दिन बौद्ध मन्दिर, गुम्वा, विहार, मठ, स्तुपा र चैत्यमा बुद्धको विशेष पूजा अर्चना लगायत विविध कार्यक्रमहरू गरी मनाइन्छ ।

विश्व शान्तिका प्रकाश भनेर सम्मान गरिने गौतम बुद्धको जन्मभूमि नेपाल हुनु हामी सबै नेपालीहरूका लागि गौरवको विषय हो । शान्तिदुत बुद्धका प्रेरणादायी उपदेश र मार्गदर्शनको परिपालन गर्न सकेमा धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधताबीच सहिष्णुता र आपसी सद्भाव कायम गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ एवम् सबल बनाउन सकिने विश्वास मैले लिएको छु ।

त्यसैगरि किरात चाड उभौली (साकेला, यक्वा तङनाम, चासूवा, भूमे, स्याँदार पिदार) गर्मीयामको प्रवेशसंगै कृषी अन्नवाली लगाउने समय अर्थात बैशाखी पूर्णीमामा प्रकृती र पितृलाई पूजा गरेर अन्नवाली राम्रो सप्रीयोस, फलोस फुलोस, प्रकृतीले सधै साथ दिउन भन्ने कामना गर्दै आफनो पितृ र पुर्खाको आशीर्वाद लिएर नाचगान गरी धुमधामसंग मनाईने यस चाडमा प्रकृतीको नियम र चराचर जगतको पर्यावरणीय प्रणाली अनुसार गर्मी मौसममा बेसीदेखी लेकतिर वा तराईदेखि हिमालतिर गर्मी छल्न शितल खोज्दै उभो जाने पशुपंक्षी र जनावरहरुको नक्कल र कृषि जिवनप्रणालीको अभिनय गर्दै नृत्य (सिली) गरेर हर्सोल्लासका साथ यो चाड मनाईन्छ । किरातीहरुको मौलिक संस्कृती र जिवन प्रणालीसंग जोडिएको यो चाड पितृ र प्रकृतीवादी किरात मुन्दुम दर्शनसंग सम्बन्धित रहेको छ ।

बुद्ध जयन्ती र किरात चाड उभौली नेपालीहरुको अत्यन्तै महत्वपूर्ण राष्ट्रिय चाड हुन । यी दुवै चाडलाई सबै नेपालीहरुले मिलेर भव्य र हर्सोल्लासपुर्वक मनाएर आपसमामा खुशी साटने र नेपालीहरुमा सामाजिक सदभाव एवम भाईचाराको सम्बन्धलाई अझै प्रगाढ बनाउदै राष्ट्रिय एकतालाई बलियो बनाउन कोशेढुंगा बनोस भन्ने अभिलासा प्रकट गर्दै २५६९औ बुद्ध जयन्ती, मजदुर दिवश र किरात चाड उभौली - २०८३ को हार्दीक शुभकामना ब्यक्त गर्दछु ।

२०८३ वैशाख १८ गते शुक्रबार ।

-----------
रेशम गुरुङ
उपाध्यक्ष